नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**त्रिभुवन विश्वविद्यालय सेवा आयोगको अध्यक्ष पद सिफारिस समितिको सचिवालय**

सिंहदरबार, काठमाडौं

**त्रिभुवन विश्वविद्यालय सेवा आयोगको अध्यक्ष पदका लागि आवेदन आव्हान**

(गोरखापत्रमा प्रकाशित मिति: २०७९/०५/२८)

त्रिभुवन विश्वविद्यालय सेवा आयोगको अध्यक्ष पद सिफारिस समितिको मिति २०७९।५।२७ को बैठकको निर्णय अनुसार त्रि.वि.वि. सेवा आयोगको रिक्त अध्यक्ष पदमा नियुक्तिका लागि देहायको योग्यता तथा आधारहरू पुरा भएका इच्छुक नेपाली नागरिकहरूबाट सूचना प्रकाशित भएको मितिबाट सात (७) दिनभित्र निवेदन पेस गर्न आव्हान गरिएको छ।

१. पद: अध्यक्ष

२. सङ्ख्या: १

३. अवधि: ३ वर्ष

४. तलब र अन्य सुविधा: त्रि.वि.वि. सेवा आयोगको प्रचलित नियमानुसार ।

५. छनोटको किसिम र मुल्याङ्कनको आधार: उम्मेदवारको व्यक्तिगत विवरण (Curriculum Vitae) र देहायको आधारमा स्वीकृत कार्यविधि बमोजिम अङ्कभार निर्धारण गरी सिफारिसका लागि उम्मेदवारको छनौट गरिनेछ।

क. शैक्षिक योग्यता र पदीय दायित्व

ख. प्रशासनिक दक्षता र कार्य अनुभव

ग. तालिम

घ. कृति/लेख/रचना प्रकाशन

ङ. प्रशंसा, पदक र पुरस्कार

६. दरखास्त साथ पेस गर्नुपर्ने कागजातहरू

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर तह र सो भन्दा माथिको उपाधि उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपिहरू।

ग) नेपालको विश्वविद्यालय तहमा प्राध्यापन र अनुसन्धान कार्य गरेको नियुक्ति पत्रको प्रतिलिपि तथा विवरण।

घ) प्रशासनिक दक्षता र कार्य अनुभव भएको प्रमाणित कागजात।

ङ) सेवासँग सम्बन्धित तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि।

च) लेख/रचना/कृतिहरू प्रकाशन गरेको विवरण।

छ) सेवामा रहँदा प्राप्त गरेको प्रशंसा पत्र, पदक तथा पुरस्कार प्राप्त गरेको भए सोको प्रमाणित कागजात।

ज) उम्मेदवारको व्यक्तिगत विवरण (Curriculum Vitae)।

७. आवेदन दिने अन्तिम मिति र स्थान: २०७९।५।२८ गते देखि २०७९।६।३ गते सम्म कार्यालय समयभित्र समितिको सचिवालय माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूको निजी सचिवालय, सिंहदरबार, काठमाण्डौ।

८. प्रस्तुत सूचना शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वेवसाइट – www.moest.gov.np बाट समेत हेर्न सकिनेछ ।

सिफारिस समिति